राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


प्रेस नोट
२०७५ असार ३१

## नेपाल सरकारद्वारा राष्ट्रसंघीय यातनाविरुद्धको समितिमा पेश गर्न लागिएको प्रतिवेदनमा आयोगको सुझाव

संयुक्त राष्ट्रसंघीय यातनाविरुद्धको समितिमा नेपाल सरकारको तर्फबाट एकमुष्ठ रुपमा पेश गर्न लागिएको तेस्रो, चौंथो, पाँचौं, छैटौं र सातौं आवधिक प्रतिवेदनउपर राष्ट्रिय मानव अधिकार आयोगले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ६ बमोजिम आफ्नो राय/सुझाव नेपाल सरकारलाई पठाएको छ ।

आयोगको सुझावमा अधिकांश कारागारहरुमा क्षमता भन्दा बढी कैदी बन्दी रहेकोले सोको प्रबन्ध मिलाउन, अधिकांश भवनहरु जीर्ण रहेकोले नयाँ कारागार निर्माण गर्न तथा पुरानो भवनलाई मर्मत गर्न, भूकम्पको कारण कैदी बन्दीहरुको जीवन जोखिममा रहेकोले सोको मूल्यांकन गरी सुरक्षित स्थानमा स्थानान्तरणको लागि प्रबन्ध मिलाउनका लागि आयोगबाट विगतमा गरिएको सिफारिसको कार्यान्वयन नभएको हुँदा सो तर्फ क्रमिक सुधार गरिनुपर्ने उल्लेख गर्न भनिएको छ । कारागारको वातावरण सफा राख्न ढल निकासको प्रबन्ध मिलाउने, कैदी बन्दी एवं आश्रित बालबालिकालाई उपलब्ध गराइँदै आएको दैनिक रकम अत्यन्तै न्यून रहेकोले समयानुकूल रकम वृद्धि गर्न, स्वास्थ्य परीक्षणमा समस्या देखिएकोले नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउन, पुर्पक्षको लागि थुनामा रहेका बन्दीको मुद्दालाई निःशुल्क कानूनी सहायता सहित न्यायमा पहुँच पुर्‍याउन, दुर्गम स्थानमा समेत बालसुधार गृहको स्थापना गर्न, यातना क्षतिपूर्ति मस्यौदा विधेयकमा सुधारको लागि आयोगबाट नेपाल सरकारलाई उपलब्ध गराइएको सुझावलाई कार्यान्वयनको लागि समन्वय गर्न क्रियाशील रहने व्यहोरा उल्लेख गर्न नेपाल सरकारलाई राय/सुझाव पेश गरिएको छ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता